# खैरहनी नगरपालिका

## ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका २०७४

१) परिचय : *नगरसभाबाट स्विकृत मिति :– २०७४/१०/०६*

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रतिश्रद्धा, आदर तथा सद्‌भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न खैरहनी नगरपालिकाको नगरसभाले खैरहनी नगरपालिको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा २ ले दिएको अधिकार प्रयोग गरी ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका २०७४, जारी गरिएको छ।

२) परिचय–पत्र वितरणका आधार : नेपालको संविधानको धारा ४१ म उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका आधार हुनेछन्।

३) उद्देश्य : क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

४) लक्षितवर्ग : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी बर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

५) ज्येष्ठनागरिकको वर्गीकरण : ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

(क) सत्तरी बर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक।

६) परिचय–पत्र वितरणका मापदण्ड :
ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय –पत्र प्रदान गर्न सकिनेछ।

७) ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचाः
ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची – ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ।
ज्येष्ठ नागरिक परिचय–पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ।

८) परिचय–पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीयतहका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ। यस प्रयोजनको लागि नागरिकताको प्रमाण–पत्रलाई आधार मानिनेछ।

ग) ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्ने अधिकारी स्थानीयतहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ।

घ) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

ङ) ज्येष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीयतहमा निवेदन पेस गर्नुपर्ने छ।

९) विविध : क) ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका लागि सम्बन्धित स्थानीयतहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

(ख) ज्येष्ठ नागरिक परिचय–पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानूनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ।